
सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१
माघ, २०७३

सिटिजन हेल्पडेस्क बुलेटिनको पहिलो अङ्कमा स्वागत छ। "सिटिजन हेल्पडेस्क" ले जिल्लाहरुमा समूदायलाई सहि सूचना प्रवाह गरी उनिहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानिय य'वा स्वयंसेवकहरु (Community Frontline Associates) ले नेतृत्व गरेको नागरिक अभियान हो। जसले, नागरिकहरुले स्थानिय स्तरमा भोगेका संवेदनशिल समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यसभित्रको यथार्थ पत्ता लगाएर सरकार, सञ्चार माध्यमहरु, दातृ निकायहरु र समूदायलाई सहि सूचना प्रवाह गरी उनिहरु बिचको अन्योलता हटाउनुका साथै समग्र सरकारी निर्णयलाई सहि दिशा दिन सहयोग गर्दछ।

## सवाल



**खरानिटार, नुवाकोट**

"म वैदेशिक रोजगारको लागि खाडिमुलुक जाँदै छु। त्यसको लागि म मेरो साथिको मामाको सहयोग लिदैछु। मलाई मेरो साथिप्रति विश्वास छ, तर साथिको मामा आधिकारीक व्यक्ति हो कि हैन भन्नेमा द्विविधा छ। के गर्ने होला ?"

**कुम्पुर, धादिङ**

"गाउँ गाउँमा एजेण्ट भनेर थुप्रै मान्छे घुमेको देखिन्छ। के सबै एजेण्ट नै हुन् त ? आधिकारीक एजेण्ट भनेको के हो ?"

**रबिओपी, काभ्रेपलाञ्चोक**

"वैदेशिक रोजगारमा जाने विचार छ तर, एजेण्टको फन्दामा परेर दु:ख पाईन्छ भन्ने सुनिन्छ नि ?"

## जवाफ

करिव डेढ वर्ष अगाडीनै मेनपावर कम्पनीहरुले एजेण्ट राख्ने प्रावधान वैदेशिक रोजगार विभागले खारेज गरिसकेको छ।

अहिले बैधानिक रुपमा एजेण्टले काम गर्न पाउने प्रावधान छैन।


वैदेशिक रोजगारमा जानको लागि बैधानिकरुपमा दर्ता भएका मेनपावर कम्पनीहरुमा गएर आफैले प्रकृया थाल्नु नै बद्धिमानि हुन्छ।

वैदेशीक रोजगार ऐन २०६४ बमोजिम हाल ७५४ वटा मेनपावर कम्पनीहरु वैधानिकरुपमा दर्ता भएका छन्।

रमा भट्टराई
निर्देशक
वैदेशिक रोजगार विभाग
९८५११८०५६६

वैदेशिक रोजगार विभाग
०१-४७८२६१६

# प्रश्न



**नलाङ, धादिङ**

"सम्झौता छोराको नाममा भएको छ। तर, जग्गा मेरै नाममा छ। सम्झौता भएपछि सरकारले पहिलो किस्ता बाँड्न नथाल्दै एक हप्तामा छोरा विदेश गयो। बैंकले छोरा नभई पैसा दिँदैन भनेर पैसा लिन गएको छैन। अब के गर्ने ?"

**नलाङ, धादिङ**

**सुनखानि, सिन्धुपाल्चोक**

"सम्झौता श्रीमान्‌को नाममा भएको छ, सम्झौता भएपछि सरकारले पहिलो किस्ता बाड्न नथाल्दै श्रीमान् विदेश जानुभयो। बैंकले श्रीमान् नभई पैसा दिएन। अब के गर्ने ?"

"भूकम्प पीडित लाभग्राहीको मृत्यु भएमा पीडितका परिवारले अनुदान नपाउने हो ? "


# उत्तर

यदि आमाको नाममा जग्गाधनि प्रमाणपत्र छ। तर, आमाको मञ्जुरीनामा लिएर छोराले सम्झौतामा हस्ताक्षर गरेर वैदेशिक रोजगारमा गएको अवस्थामा सम्बन्धित देशस्थीत नेपाली दुतावासमा गएर वारिसनामामा हस्ताक्षर गरि पठाईदिएको खण्डमा सम्बन्धित व्यक्ति (यो सन्दर्भमा आमा) ले दोस्रो किस्ताको अनुदान रकम पाउने ब्यवस्था छ।

जग्गाधनीको मृत्यु भई हकवालाहरुमा नामसारी हुन बाँकी भएको अवस्थामा मृतकको हकवालाले मृत्यु दर्ता प्रमाणपत्र सहित गाविसमा निवेदन दिएमा सबै हकवालाहरुको संयुक्त वा निजहरुको मञ्जुरीमा हकवालामध्ये एक जनाको नाममा मात्र अनुदान उपलब्ध गराईन्छ।


विजय शाह
शाखा प्रवन्धक
हिमालयन बैंक शाखा कार्यालय,
धादिङवेशी
१०-५२११११

# हल्ला



**लिशंखु, सिन्धुपाल्चोक**

"पहिलो किस्ता ल्याएर घर बनाएन भने त्यो पनि सरकारलाई फिर्ता गर्नुपर्छ रे !"

**कुम्पुर, धादिङ**

"अहिले नै घर बनाउन थालेन भने पहिलो किस्ताको ५० हजार पनि सरकारले नै फिर्ता लान्छ रे ! दोश्रो किस्ता झन दिदै दिदैन रे !"

**मंगलटार, काभ्रेपलाञ्चोक**

"कोईकोईले अब दोस्रो किस्ता आउँदैन भन्छन् । आउँछ कि आउँदैन फिक्स हुनुपर्‍यो ।"

# यथार्थ

सम्झौता बमोजिम लाभग्राहीले पहिलो किस्ताको रकम पाएर जगको काम सकी जमिनको सतह सम्मको निर्माण भएपछि प्राविधिक द्वारा निरिक्षण गर्न लगाउनु पर्दछ। प्राविधिकले मापदण्ड अनुसार बनेको छ भनि प्रमाणित गरेपछि लाभग्राही दोस्रो किस्ताको लागि योग्य ठहरिन्छ।

पहिलो किस्ताको अनुदान सम्झौतामा हस्ताक्षर गर्दा नै लाभग्राहीले मैले प्राप्त गर्ने आवास पुनर्निर्माण अनुदान रकम घर पुनर्निर्माणका लागि मात्र खर्च गर्नेछु र उक्त निर्माण कार्य तोकिएको गुणस्तर, मापदण्ड र प्रविधि अनुरुप नै गर्ने छु भनि सहमति जनाईसकेको हुँदा, सो रकम अन्य प्रयोजनमा खर्च गर्न पाईदैन।

यदि पहिलो किस्ताको रकम पाएर पनि तोकिएको समय भित्र जगको काम समेत नभएको पाईएमा कारवाहिको प्रकृया अगाडी बढाउने र पहिलो किस्ता बापत पाएको ५० हजार रकम राज्यको ढुकुटीमा फिर्ता गर्ने गरी निर्णय गर्ने तयारीमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण रहेको छ।

**डा. भिष्म कुमार भुषाल**
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११७७५७

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**
०१-४२११४८४

# सवाल

**खरानिटार, नुवाकोट**

“भूकम्पबाट क्षतिग्रस्त निजि आवास भवन पुनर्निर्माणका लागि अनुदान सम्झौता हुनु भन्दा अगाडी नै बनेका घरले आवास निर्माण अनुदान पाउँदैनन् रे !”

**महादेवस्थान, काभ्रेपलाञ्चोक**

“अनुदानको आशा गर्दा वर्ष बित्यो । हामिले त आफैले घर बनायौ । हामिलाई पनि सरकारले पैसा दिन्छ भन्ने हल्ला थियो । तर, पाउने कसरी हो ?”



# जवाफ

केन्द्रीय तथ्यांक विभाग द्वारा संकलित भूकम्प लगत संकलन कार्यक्रम अन्तर्गत संकलन गरिएको तथ्यांकमा समावेश भएका तर अनुदान सम्झौता हुन अगावै घरधनि स्वयंले घर निर्माण कार्य सम्पन्न गरिसकेका वा प्रारम्भ गरिसकेका घरधनीको हकमा निर्मित वा निर्माणाधिन घर तोकिएका प्राविधिकले चेकजाँच गरी भूकम्प प्रतिरोधि सबै मापदण्ड पुगेको छ भनी सिफारिश गरेको हुनुपर्दछ ।

अन्यत्र बसोबास योग्य घर नभएको हुनुपर्दछ । यसको जानकारी गाविसलाई गराउनु पर्दछ ।

उक्त गाविसले जिविसलाई जानकारी गराईसके पछि जिविसले कोष तथा लेखा नियन्त्रण कार्यालयलाई फछ्र्यौटको लागि पठाउँछ ।

यि सबै प्रकृया पुरा भएपछि लाभग्राहीले अनुदान रकम पाउँछन् ।

**डा. भिष्म कुमार भुषाल**
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११७७५७

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**
०१-४२११४८४

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- निजि आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धि कार्यविधि २०७३ (Link)
- २०७३ साल पुष महिनम भरी मन्त्रिपरिषदले गरेका निर्णयहरु (Link)
- वैदेहिक रोजगार म्यादी बीमा २० लाख पुग्यो, यस्तो छ नयाँ व्यवस्था (Link)
- वैदेशिक रोजगारीका सबै सेवा अनलाईनबाटै (Link)

यो अङ्कमा समेटिएका हल्ला, सवाल र सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानियसंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीहरु बाट संकलन् गरिएका हुन्। पौष १६ गतेदेखि माघ १५ गतेसम्म ४ जिल्लाका करिब ५00 जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तिब्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।**

accountabilitylab

Local Interventions Group
data·driven development